साझाकुरा

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विवाहमा जाँदा कुटपिट गर्ने दुईजना पक्राउ

हेटौंडा, १७ फागुन/मकवानपुरको मनहरी गाउँपालिका-६, स्थित रुपाचुरीका सरोज प्रजाको विवाहमा गएकाहरुमाथि कुटपिट भएको छ । प्रहरीले कुटपिटमा संलग्न दुई जनालाई पक्राउ गरेको छ । विवाहमा गएका मनहरी गाउँपालिका-७ रमनटारका करिब २८ वर्षीय उज्वल थिङ र राक्सिराङ गाउँपालिका- ५ चुरेडाँडाका ३० वर्षीय रोनिस लामा माथि कुटपिट भएको हो । कुटपिटबाट घाइते भएका थिङको मनहरी अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारका लागि पुरानो मेडिकल क्लेज भरतपुर चितवन पठाइएको छ । प्रहरीका अनुसार थिङको शरीरमा भित्री चोट लागेका कारण अवस्था गम्भीर रहेको र लामाको मुखमा चोट लागेको छ । कुटपिटमा संलग्न रहेको अभियोगमा प्रहरीले मनहरी-६ रुपाचुरीका वर्ष २९ का इमान घलान, वर्ष २२ का मनिक घलानलाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । साथै कुटपिटमा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# बागमतीमा विवादको निरुपण खोज्दै 'विशेष समिति'

निशा गुरुङ

हेटौंडा, १७ फागुन/ बागमती प्रदेशमा बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन भएको छ । बजेटको विषयलाई लिएर सरकार र प्रतिपक्षबीच जारी विवादको निरुपण खोज्दै संसदीय विशेष समिति गठन भएको हो ।

बिहीवार दिउँसो २ बजे बसेको प्रदेशसभा बैठकले नेपाली कांग्रेसका मुख्य सचेतक गोविन्द लम्सालको संयोजकत्वमा प्रदेशसभा नियमावली पहिलो संशोधनसमेत, २०७४ को नियम १५२ बमोजिम आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम व्यवस्थापन समिति सर्वसम्मतीले गठन भएको हो ।



सरकारकातर्फबाट सत्तारुढ दल नेकपा माओवादी केन्द्रका मुख्य सचेतक रतनप्रसाद ढकालले समिति गठनको प्रस्ताव बैठकमा पेश गरेका थिए । 'मुख्यमन्त्री शालिकराम जम्कट्टेल र आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिं लामाले बजेट तथा कार्यक्रम सम्बन्धमा सदनसमक्ष गरेको प्रतिबद्धतालाई संविधान, ऐन, कानुनअनुसार कार्यान्वयन गर्ने/ गराउने गरी समिति गठनको प्रस्ताव पेश गर्दछु', ढकालले भने ।

मुख्यमन्त्री जम्कट्टेल र आर्थिक मामिलामन्त्री लामाले २२ असारमा भएको प्रदेशसभा बैठकमा प्रतिपक्षी दल नेकपा एमाले र राप्रपासँग छुटेका योजना बजेटमा समेट्ने सम्बन्धमा गरेको सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका थिए । सहमतिकै आधारमा प्रदेश मन्त्रिपरिषद्बाट योजना समेट्ने निर्णयसमेत भएकोमा सहमति कार्यान्वयन नभएको भन्दै एमाले र राप्रपाले विरोध जनाउँदै आएका थिए ।

बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समितिमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ वटामध्ये ५ वटा दलबाट २-२ जना र एउटा दलबाट १ जना सदस्य बनाइएको छ । सदस्यमा कांग्रेसबाट सांसद प्रभात तामाङ्, नेकपा एमालेतर्फबाट प्रमुख सचेक मधुसुदन पौडेल, डा.दिनेशचन्द्र देवकोटा माओवादीतर्फबाट रत्न ढकाल, ईन्द्रप्रसाद गोतामे र राप्रपा तर्फबाट संसदीय दलतका नेता उद्धव थापा र गिरबहादुर तामाङ सदस्य रहेका छन् । यसैगरी नेकपा एकीकृत समाजवादीका तर्फबाट रमा आलेमगर, बसन्तप्रसाद मानन्धर, हाम्रो नेपाली पार्टीका तर्फबाट शैलेन्द्रमान बज्रचार्य सदस्य रहेका छन् ।

समितिमा विपक्षी दल नेमकिपा भने सहभागी छैन । सरकारसँगको सहमतिमा नेमकिपा नभएकाले उसले समितिमा बस्न अस्वीकार गरेको थियो । तर, सहमति कार्यान्वयनको पक्षमा भने नेमकिपा उभिएको छ । विशेष समितिले २९ फागुनमा बस्ने प्रदेशसभा बैठकमा प्रतिवेदन बुझाउने सांसद ढकालले जानकारी दिए ।

सार्वजनिक सरोकार, अनियमितताका विषय, महत्वपूर्ण विषयमा अध्ययन, छानबीन र कारबाही सिफारिसका लागि संवैधानिक व्यवस्थाअनुसार संसदीय विशेष समिति गठन गर्ने गरिन्छ । सदनमा प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि सदस्य रहने समितिले तोकिएको निश्चित समयभित्र सम्बन्धित विषयमा अध्ययन गरिएको सुझावसहितको प्रतिवेदन सभामुखलाई पेश गर्ने गर्दछ । प्रतिवेदन सदनबट पारित भएपछि त्यसको कार्यान्वयनमा सम्बिन्धत निकायलाई संसदले निर्देशन दिने गर्दछ ।

चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा विपक्षी दलका सांसदहरुले दिएका योजना समावेश गर्ने भनी १८ असारमा भएको सहमति सत्ता गठबन्धन सरकारले कार्यान्वयन नगरेपछि एमाले र राप्रपाले संसद अवरोधको तयारी गरेका थिए । बुधबार साँझ अबेर बसेको सर्वदलीय बैठकले संसदीय समिति गठन गर्ने सहमति गरेको हो ।

सहमतिमा एमालेका सांसदका ४२ करोड र राप्रपा सांसदका २० करोडका योजना बजेटमा समावेश गर्ने सहमति सरकारले गरेको थियो । सहमति कार्यान्वयन नभएको भन्दै एमाले र राप्रपाले अवरोध गरेपछि २२ असोजमा स्थगित भएको प्रदेशसभा १४० दिनपछि मंगलबार बसेको थियो । विशेष समिति गठनसँगै प्रदेशसभाको गतिरोध तत्काललाई टरेको छ । विवादकै कारण बुधवार को प्रदेशसभा बैठक बस्न सकेको थिएन । सरकारले १ असारमा ६२ अर्ब ७० करोडको बजेट ल्याएको थियो ।

### १० दिनपछि बोलाइएको प्रदेशसभा

बागमती प्रदेशसभाको बैठक १० दिनपछि अर्थात आगामी फागुन २९ गतेका लागि बोलाइएको छ । बिहीबार प्रदेशसभाको दोस्रो बैठक पश्चात् सभामुख भुवनकुमार पाठकले फागुन २९ गते दिउँसो ३ बजेसम्मका लागि बैठक स्थगित गरेका हुन् ।

संसद्को पहिलो बैठकमा सरकार र प्रतिपक्ष दलको बजेटमाथिको विवाद समाधान गर्न विशेष समिति गठन गरिएको थियो भने सोही बैठकमा उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयबाट संसदमा दर्ता भएको प्रदेश हस्तकलाग्राम स्थापनासम्बन्धी विधेयक पेस गरिएको थियो । उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले पेस गरेको यो विधेयक ससदले स्वीकृत गरेको थियो ।

बैठकमा संसदमा पेस भएको प्रदेश हस्तकलाग्राम स्थापना सम्बन्धी विधेयकको सैद्धान्तिक छलफल भएको थियो । विधेयक माथि सांसद शैलेन्द्रमान बज्राचार्यले मात्र विधेयक माथिको छलफलमा भाग लिएका थिए । बज्राचार्यले देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा हस्तकला उद्योगहरु रहेको बताए । उनका अनुसार वार्षिक १२ अर्ब रुपैयाँ भन्दा बढीको हस्तकला सामग्री निर्यात हुने गरेको छ । हस्तकला उद्योगका सामग्री निकासीबाट उत्पादनमध्येको ठुलो अंश आर्थिक उपलब्धि प्राप्त भइरहेको उनको भनाइ थियो ।

# नेपाली चलचित्र उद्योगका पाँच व्यक्तित्वलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ इन्टरनेशनल नेटवर्क अफ नेपाली फिल्ममेकर्स (आईएनएनएफ) ले बिहीबार आयोजित एक समारोहमा पाँच दशकभन्दा लामो समयदेखिको उल्लेखनीय योगदानका लागि नेपाली चलचित्र उद्योगका पाँच व्यक्तित्वलाई सम्मान प्रदान गरेको छ ।

बरिष्ठ कलाकार नीर शाह, उद्धव पौडेल, भुवन चन्द, मुकुन्दकिशोर भट्टराई र नरेन्द्र खड्काको अतुलनीय समर्पण र असाधारण प्रतिभालाई कदर गर्दै 'चलचित्र स्वर्णिम सम्मान २०८०' बाट सम्मानित गरिएको हो । कार्यक्रममा रमेश बुढाथोकी, राजकुमार राई, रवीन्द्र खड्का, गौरी मल्ल र करिश्मा मानन्धरलाई 'चलचित्र विशेष व्यक्तित्व सम्मान २०८०' प्रदान गरिएको छ । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सम्मानित व्यक्तिलाई सम्मानपत्र र दोसल्लाले विभूषित गरेका थिए ।

कार्यक्रममा संस्थाको प्रथम साधारणसभापछि नयाँ कार्यसमिति गठन भएको छ । आईएनएनएफ केन्द्रीय समितिको अध्यक्षमा लव प्याकुरेल र उपाध्यक्षमा मानबहादुर थापा, प्रदीपलाल श्रेष्ठ र लक्ष्मण सुवेदी निर्वाचित भएका छन् । यस्तै महासचिवमा रमेश कोइराला, सचिवमा भीष्मराज फुलारा र कोषाध्यक्षमा ठण्डबहादुर अधिकारीले जिम्मेवारी पाएका छन् । त्यसैगरी सदस्यमा राधेश्याम विश्वकर्मा, गणेश सुवेदी, विनोद चौलागाईं र मधु अधिकारी निर्वाचित भएका छन् । कार्यक्रममा 'सीमानाभन्दा परः नेपाली चलचित्र' विषयक अन्तरक्रिया पनि गरिएको थियो ।

चलचित्रकर्मी, उद्योगविज्ञ र सरोकारवालाबीच नेपाली चलचित्र नेटवर्किङ, ज्ञान आदानप्रदान र सहकार्यको लागि कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष प्याकुरेलले बताए । अन्तरक्रियामा सहभागीले नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न सरकार र चलचित्रकर्मीबीच ठोस योजना र सहकार्य आवश्यक रहेकोमा जोड दिए ।

प्रमुख वक्ता चर्चित अभिनेता नीर शाहले नेपाली चलचित्र उद्योगलाई थप विकासका लागि कमजोरी पत्ता लगाएर आत्मपरीक्षण गर्न आग्रह गरे ।

# हेटौंडाका प्रमुख प्रशासकीय अधिकृत चौलागाईंको सरुवा




साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईंको सरुवा भएको छ । उपमहानगर आएको ३ वर्षको सेरोफेरोमा उनको सरुवा भएको हो ।

सरकारले बिहीवार प्रमुख प्रशासकीय चौलागाईसहित ४३ जना सहसचिवको एकैपटक सरुवा गरेको हो । चौलागाईंको राष्ट्रिय दलित आयोगमा सरुवा भएको छ । हेटौंडाको प्रमुख प्रशासकीय अधिकृतमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अतिरिक्त समूहमा रहेका रामबाबु पुरी आउने भएका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत् ४३ जना सहसचिवको सरुवा गरेको हो ।

## नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला । शिविरमा आवश्यकता अनुसार औषधिसमेत नि:शुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**

मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**

१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**थप जानकारीको लागि**

☞ मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४ (९८५५०७१२८०)
☞ यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१ (०५७-५२०५१८)
☞ श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१० (९८४५०५७२५०)
☞ युनियन ड्रग हाउस, हेटौंडा-१० (०५७-५२३१८८)
☞ बुद्ध मेडिकल हल, हेटौंडा-४ (०५७-५२१४१०)

आयोजक: भुटनदेवी एल्मुनाई एसोसिएसन
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)
सम्पर्क नं.: ९८५१०५८३९२ (अध्यक्ष), ९८४५१०६१२३ (सचिव)

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९




## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उपमहानगरको गतिशीलता

हेटौंडा नगरको ईतिहास धेरै लामो छैन । उपमहानगरको अबको गन्तब्य भनेको बैज्ञानिक सहरीकरण नै हो । हेटौंडा आफैंमा खेतीयोग्य जमीन कम भएको ठाउँ हो । राजमार्गको पहुँचको दृष्ट्रिकोणले उपमहानगर आसपासका क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना हुनुपर्ने थियो । तर, मयुरधापमा औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय भएको एक दसक भयो तर, काम हुन सकेको छैन । उपमहानगरको नेतृत्वले नगरको आयश्रोत बृद्धि गर्ने योजनालाई प्राथमिकता दिनु जरुरी छ । यसैका लागि हेटौंडा उपमहानगरले हेटौंडा-१० मा कम्प्लेक्स निर्माणका लागि तयार भएको करिब ६६ करोड रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) स्वीकृत गर्ने निर्णय गरेको छ । बुधबारको कार्यपालिका बैठकले हेटौंडा उपमहानगरको गौरवको योजनाअन्तर्गत नगरविकास कोषसँग ऋण लिई निर्माण गर्न लागेको कम्प्लेक्सको डीपीआर स्वीकृत गर्ने निर्णय गरेको हो । कार्यपालिका बैठकले गरेको निर्णय सार्वजनिक गर्दै नगरको गौरवको आयोजनाका रुपमा कम्प्लेक्स निर्माणलाई अघि सारेको जनाइएको छ ।

उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको समीक्षा गरी बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्मको वडा नं. १० र १५ को स्वीकृत गर्ने निर्णय गरेको छ । उपमहानगरको गौरवको योजनाअन्तर्गत नगरविकास कोषसँग ऋण लिई हेटौंडा-१० मा हेटौंडा कम्प्लेक्स निर्माणको लागि तयार भएको करिब ६६ करोडको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने, सहरी विकास मन्त्रालयबाट सघन सहरी विकास कार्यक्रमअन्तर्गत प्राप्त २५ करोड बराबरको विभिन्न परियोजना कार्यान्वयन गर्न सघन सहरी तथा भवन निर्माण आयोजना, चितवनबाट प्राप्त विस्तृत परियोजना प्रतिवदेन संशोधन गर्नको लागि अनुरोध गर्ने निर्णय गरिएको बताइएको छ । त्यसो त उपमहानगरले हुप्राचौरमा रहेको बासुदेब सभागृहलाई पनि ब्यावसायिक कम्प्लेक्स निर्माण गर्न ठेक्का सम्झौता गरिसकेको छ । अत्याधुनिक सुबिधासम्पन्न कम्प्लेक्स निर्माण गर्ने योजनामा रहेको नगर नेतृत्वले यसका सकारात्मक र नकारात्मक बिषयमा पनि नगरबासीसँग छलफल गर्नु जरुरी छ । उपमहानगरको सबै वडामा आगामी आर्थिक वर्षमा सञ्चालन गरिने परियोजनाको सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्नेक्रममा वडा कार्यालयसँग त्यस्ता परियोजना सात दिनभित्र माग गरी विस्तृत परियोजना प्रतिवेदन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ । उपमहानगरद्वारा सञ्चालित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा विभिन्न कारणले सुरु लागत अनुमान भन्दा फरक भई भेरिएशन भएमा त्यस्तो भेरिएशनको अध्ययन गरी प्रतिवेदन पेश गर्न ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको जानकारी दिइएको छ । उपमहानगरमा संघीय सरकार र प्रदेश सरकारबाट सशर्त, समपुरक, विशेष अनुदानमार्फत प्राप्त आयोजना चालू आर्थिक वर्षमा समयमै सम्पन्न गर्न तत्काल सम्झौता गरी प्राथमिकताका साथ सञ्चालन गर्ने निर्णय भएको छ ।

उपमहानगरको आन्तरिक राजस्वबृद्धिका लागि राप्तीलगायत नदीक्षेत्रको विभिन्न स्थानमा नदीजन्यपदार्थ उत्खनन् गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने, वडा नं. १९ को कुवापानी सिरानचोक खानेपानी योजनामा सोलार पम्पिङप्रविधि जडान गर्न नवीकरणीय उर्जामा संघीय सशर्तबाट प्राप्त ८ लाख रुपैयाँ खर्च गर्ने निर्णय भएको बताइएको छ । उपमहानगरपालिकालाई आवश्यक रहेका अनुदान सञ्चालनसम्बन्धी कार्यविधि, सेवाप्रवाहसम्बन्धी मापदण्ड, आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनका लागि कानून तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने, खानेपानी तथा सरसफाई डिभिजन नं. १ सँग त्रिपक्षीय सम्झौता गरी सिमलटार खानेपानी योजनाको लागि चालू आर्थिक वर्षमा १ करोड उपलब्ध गराउने निर्णय गरिएको बताइएको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकालाई राजनीतिक दलका कार्यक्रममा सहभागी गराउन नपाउने व्यवस्थालाई कार्यान्वयन गर्न जिल्लास्थित राजनीतिक दललाई ध्यानाकर्षण गराउने निर्णय गरिएको जानकारी गराइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चिल्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १९ गते शनिबार २ मार्च २०२४ । सप्तमी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२९, सूर्यास्त ६:०४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विरोधी परास्त हुनेछन् | तुला | : स्थिति अनुकूल बन्नेछ |
| वृष | : व्यापारमा लाभ हुनसक्नेछ | वृश्चिक | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| मिथुन | : काममा सफलता मिल्नेछ | धनु | : अहंकारको भावले काम विगार्नेछ |
| कर्कट | : अधुरा कामहरु पूरा हुनेछ | मकर | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| सिंह | : स्वास्थ्यको समस्या आउनेछ | कुम्भ | : व्यापार राम्रो चल्नेछ |
| कन्या | : परिवारमा सुखद माहौल रहनेछ | मीन | : मानसिक सन्तोष हुनेछ |

# हामी कसरी समृद्धिको यात्रामा लाग्न सक्छौं ?



✍ **दीपकप्रसाद कुइकेल**

**देश संघीयतामा गइसकेपछि र तीन तहको सरकार निर्माण भइसकेको अवस्थामा पुरानै शैली र संरचनाबाट जनताको नयाँ आकांक्षा र चाहनालाई परिपूर्ति गर्न प्राय: असम्भवजस्तै देखिएको छ । जनतामा देखिएको निराशा र आक्रोशलाई आशा, भरोसा र विश्वासमा परिणत गर्न नयाँ सोच, नयाँ शैली र नयाँ संरचनाबाट कार्य गर्न आवश्यक देखिन्छ ।**

संविधानले निर्दिष्ट गरेको संघीय लोकतान्त्रिक संसदीय प्रणालीका माध्यमबाट आर्थिक समृद्धि हासिल गरी सामाजिक रूपान्तरण गर्नु आज हामी सबै पक्षको दायित्व हुन आएको छ । त्यही उद्देश्यलाई परिपूर्ति गर्न संविधान निर्माणपछि दुई पटक स्थानीय तह, प्रदेश र संघीय निर्वाचन सम्पन्न भइसकेका छन् ।

यद्यपि अघिल्लो पटक विभिन्न खिचातानीका कारण संसद् विघटन गरियो । अदालतका आदेशबाट संविधानमा व्याख्या गरी पुनर्स्थापित संसद्ले नयाँ सरकार गठन ग-यो र दोस्रो स्थानीय तह, प्रदेश र सैंघ संसद्को निर्वाचन सम्पन्न गऱ्यो । दोस्रो पटक निर्वाचन भएको पनि एक वर्ष पूरा भइसकेको छ । नवनिर्वाचित संघीय संसद्, प्रदेश सांसद र संघीय र प्रदेश सरकारहरूले जनतामा आशा, भरोसा र विश्वास जगाउन सकिरहेका छैनन् । यद्यपि बजेट निर्माण र नीति तथा कार्यक्रमको नयाँ शैली सुरु भएको छ । फाल्गुन १४ गते अर्थमन्त्री डा. प्रकाशशरण महतबाट आगामी वर्षको बजेटका सिद्धान्त र प्राथमिकता बारेमा प्रस्ताव पेस गरेका छन् । उक्त प्रस्तावहरूमाथि संसद्मा फागुन २१ गतेबाट छलफल सुरु हुँदै छ ।

देश संघीयतामा गइसकेपछि र तीन तहको सरकार निर्माण भइसकेको अवस्थामा पुरानै शैली र संरचनाबाट जनताको नयाँ आकांक्षा र चाहनालाई परिपूर्ति गर्न प्राय: असम्भवजस्तै देखिएको छ । जनतामा देखिएको निराशा र आक्रोशलाई आशा, भरोसा र विश्वासमा परिणत गर्न नयाँ सोच, नयाँ शैली र नयाँ संरचनाबाट कार्य गर्न आवश्यक देखिन्छ ।

देशको समग्र विकास गर्न, संघीयता कार्यान्वयन गर्न, उत्पादन वृद्धि गर्न, रोजगार सिर्जना गर्न, सेवा सुविधा सहज रूपमा उपलब्ध गराउन र भ्रष्टाचार गर्ने प्रवृत्ति अन्त्यका लागि सातै वटा प्रदेशहरू आ-आफ्नो क्षेत्रमा उत्कृष्ट हासिल गर्दै आफ्नो परिचय र पहिचान बनाउनुपर्छ ।

विकसित राष्ट्रहरूले पनि विभिन्न क्षेत्रमा छुट्टाछुट्टै विषयलाई प्राथमिकतामा राखेर काम गरेको पाइन्छ । छिमेकी मुलुक भारतले गुजरातलाई उद्योग र कलकारखाना, हरियाणालाई कृषि, बैंगलोरलाई सूचना तथा प्रविधि र मुम्बई महाराष्ट्रलाई फिल्म सिटीका रूपमा विकास गरिरहेको छ ।

विविधता नै विविधताले भरिएको हाम्रो देशमा छिटोभन्दा छिटो विकास गर्न केन्द्रीय सरकारबाट अन्य नियमित नीति तथा कार्यक्रमका अलावा निम्न विषयलाई आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्न जरुरत छ ।

१) संघीय सरकारले एक प्रदेश एक पहिचान कार्यक्रम घोषणा गर्ने, सबै निकायहरूको बजेट सोही क्षेत्रमा विनियोजन गर्न लगाउने र घोषित कार्यक्रममा लगानी गर्ने निजी क्षेत्रलाई तीनै तहका सरकारबाट कर छुट दिने लगायत सुविधा मिलाउने ।

२) मधेस र लुम्बिनी प्रदेशमा कृषि, उद्योग र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

३) कर्णाली र सुदूरपश्चिममा जलविद्युत्, जडीबुटी र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

४) कोशी र गण्डकीमा जलविद्युत्, फलफूल र पर्यटनलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

५) वागमती र उपत्यका (राजधानी)मा सेवा उद्योगलाई लक्षित गरी सबै क्षेत्र र निकायको बजेट विनियोजन गर्ने ।

६) संघीय राजधानी काठमाडौँ उपत्यका दिनानुदिन अव्यवस्थित हुँदै गइरहेको छ । काठमाडौँ उपत्यका देशको राजधानी मात्र नभएर देशको अनुहार पनि हो । काठमाडौँ उपत्यकाभित्र रहेको काठमाडौँको मुख्य सहर, पाटन, भक्तपुरजस्ता संस्कृति र सम्पदाले भरिपूर्ण पुराना सहर (ठिमी, बोडे, बुङमती, चापागाउँ, कीर्तिपुर, टोखा र साँखु आदि), पुराना बस्तीहरू र त्यहाँ रहेका सम्पदा, संस्कृति र समुदायलाई संरक्षण गरिनुपर्छ ।

अनियन्त्रित रूपमा भइरहेको सहरीकरणलाई व्यवस्थित गर्नुका साथै शिवपुरी, फुल्चोकी, गोदावरी, चन्दागिरी र नगरकोटमा रहेका जलाधार क्षेत्रलाई संरक्षण गर्दै उपत्यकाको वातावरणलाई स्वच्छ सफा र हराभरा कायम राख्नुपर्नेछ । उपत्यकाभित्रका स्थानीय तह, प्रदेश सांसद र प्रदेश सरकार र संघीय सांसदहरुको साथ लिएर संघीय सरकारले काठमाडौं उपत्यकाको नीति निर्माण गर्न, एकीकृत योजना तर्जुमा गर्न, त्यसको समन्वय गर्न, अनुगमन गर्न र विशेष योजना सञ्चालन गर्न आवश्यक छ । एकापसको दोहोरोपन हटाउन उस्तै-उस्तै काम गर्ने संरचनाहरू (उपत्यका विकास प्राधिकरण, वागमती आयोजना आदि) खारेज गरी ती निकायले गरेका कामसहित गर्ने गरी सबै तहका जनप्रतिनिधि र विशेषज्ञ रहने गरी एक विशेष संरचना ‘उपत्यका एकीकृत विकास परिषद्’ गठन गरी एकीकृत रूपमा कार्य गर्नुपर्ने देखिन्छ ।

७) सबै तहको अस्तित्व र पहिचानलाई कायम राख्न नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीय निकायले दश करोडभन्दा कमको योजना तर्जुमा र सञ्चालन गर्न नलगाउने, प्रदेश सरकारका मन्त्रालय र निकायले एक करोडभन्दा कमको योजना तर्जुमा र सञ्चालन गर्न नलगाउनेह हाल सञ्चालनमा रहेका एक करोडदेखि दश करोडसम्मका सबै योजना संघले सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्ने, हाल सञ्चालनमा रहेका एक करोडभन्दा कम रकमको केन्द्र र प्रदेशका सबै योजना सम्बन्धित पालिकामा हस्तान्तरण गर्ने ।

८) चालु खर्च कम गर्न र दोहोरोपन हटाउन एकै प्रकृतिका काम गर्ने कार्यालयहरूलाई एक आपसमा गाभ्ने, प्रदेश स्तरमा काम हुन सक्ने कार्यालयलाई प्रदेशमा हस्तान्तरण गर्ने ।

९) स्वास्थ्य र शिक्षामा सबैको पहुँच पुऱ्याउन र रोजगारी सिर्जना गर्न सातै प्रदेशमा कम्तीमा एक-एक वटा सबै सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने र मेडिकल कलेज सञ्चालन गर्ने, सबै नागरिकको जीवन बिमा गराउने र बिमामार्फत भुक्तानी गर्ने गरी नि:शुल्क स्वास्थ्य उपचार गर्ने । सबै पालिकामा कम्तीमा एक वटा प्राविधिक महाविद्यालय स्थापना र सञ्चालन गर्ने ।

१०) नागरिकले राजस्व तिर्न पनि अतिरिक्त रकम बुझाउनुपर्ने र अनावश्यक समय खर्च गर्नुपर्ने बाध्यकारी अवस्थालाई अन्त्य गर्न राजस्व संकलन सर्वसुलभ ढंगले गर्नका लागि एकद्वार प्रणालीबाट कर तिर्ने व्यवस्था गर्न जरुरी छ । त्यसका लागि हरेक पालिकामा एकीकृत कर (राजस्व संकलन) कार्यालय राख्नु पर्छ । कर चुक्ता प्रमाणपत्र पनि पालिकामा रहेको राजस्व संकलन कार्यालयबाटै दिने व्यवस्था गरिनुपर्छ ।

*(साभार: रातोपाटी)*

# नेपाली साहित्यमा बहिष्कारवादको आह्वान



✍ **केशव अधिकारी**

पूर्वीय साहित्यमा कुनै वाद स्थापित नभएको भए पनि पाश्चात्य साहित्यमा विभिन्न कालखण्डमा, विभिन्न कारणले विभिन्न वादहरू स्थापित हुन पुगेका छन् ।

उदाहरणको रुपमा आदर्शवाद, स्वच्छन्दतावाद, यथार्थवाद, दादावाद, प्रतीकवाद आदि रहेका छन् । नेपाली साहित्य विशेष गरेर पूर्वीय साहित्य रचना परम्परामा आधारित रहेको छ ।

हुन त हिजोआजका साहित्यकार मात्र विगतका प्रसिद्ध नाट्य साहित्यकार तथा नाट्यसम्राटको उपाधिसमेत हासिल गरेका बालकृष्ण समले पूर्वीयसँगै पाश्चात्य साहित्यको पनि अनुशरण गरेर नाटक रचना गरेका छन् । भक्त प्रल्हाद नाटक पूर्वीय साहित्य मान्यता अनुसार रचना भएको छ भने मुटुको व्यथाजस्तो प्रसिद्ध नाटक पाश्चात्य नाट्य परम्पराबाट प्रभावित भएर रचना गरिएको नाटक हो ।

नाट्य साहित्य मात्र होइन कविता साहित्य पनि पूर्वीय मान्यता अनुसार रचना गरिँदा छन्द मिलाएर रचना गरिएको हुन्छ र बेछन्दको कवितालाई कविता नभनेर अकविता भन्ने गरिएको छ । अपितु अहिलेका धेरैजसो नेपाली साहित्यकारहरुले यसै बेछन्दमा वा बेछन्दे कविता लेखेर आफूलाई चिनाएका छन् ।

समग्रमा भन्ने हो भने साहित्यको धर्म भनेको पाठकको मनमा अब के होला ? भन्ने खुल्दुली जगाउनुका साथै हँसाउनु, रुवाउनु, भावुक बनाउनु, आल्हादित बनाउनु, रेचकको कामसमेत गर्नु हो । त्यतिमात्र चाहिँ पूर्वीय साहित्य रचनाका सीमा भए । तर आजको यो युगसम्म आइपुग्दा साहित्यले खुल्दुली गराउने, भावुक बनाउने, रुवाउने, हँसाउने आदि काममात्र नगरेर समाजदेखि लिएर राष्ट्र, अन्तर्राष्ट्रसम्मको परिवेशमा हुने गरेका विकृतिहरुलाई मीठो व्यङ्ग्य वा घुमाउरो छेड हानी सुधारको पक्षमा ल्याउने प्रयास गर्नुपर्ने पनि हुन्छ ।

यदि कुनै साहित्यको माध्यमबाट छेड हान्न सकेर सम्बन्धित पक्षको मर्ममा प्रहार गर्न सकियो भने तरबार र बन्दुकको युद्ध नलडेरै पनि संसार विजय गर्न सकिन्छ ।

फ्रेन्च भाषाबाट आएको र अङ्ग्रेजी भाषामा दादाइज्म भएको मानिन्छ । यसको शाब्दिक अर्थ भने इच्छा वा चाहनाको वा सोख, खेलौनाको घोडा भन्ने हुन्छ । यसको अर्थ वा भाव नकारात्मक वा विध्वंशात्मक भन्ने भए पनि नकारात्मकता अनि विध्वंशबाटै नयाँ र सकारात्मक कुराको जन्म हुन्छ भन्ने ठानिन्छ ।

प्रथम विश्वयुद्धले तहसनहस पारेको बेलामा स्विट्जरल्यान्ड देशको जुरिख भन्ने स्थानमा दादावादीहरुको आन्दोलन भएको थियो ।

विश्वयुद्धले विनाश गरेको समयमा, आम युवावर्गको मानसमा अथाह निराशा जमेको यस कालखण्डमा पनि फेरि धर्म, उही संस्कार, उही फोस्रा मान्यताहरु लाद्न खोज्दा निराश मानसिकताका आम युवाले यिनै कुराको विरोध गरेर आन्दोलन गर्दै हामीलाई अब धर्म, संस्कार, संस्कृति, केही केही केही चाहिएन भन्दै विरोध गरेका थिए ।

जसलाई पाश्चात्य साहित्यमा दादावादको नामले पुकार्न थालियो । हाम्रो देशमा पनि आम युवावर्ग आफ्नो देशमा सुहाउँदो र बाँच्न पुग्ने खालका रोजगारीका अवसर केही नपाएर रुँदै विदेशिन बाध्य हुनुपरेको छ ।

उमेर वृद्ध र दिमागी चालमा बास बस्दै गरेका अनि पटक-पटक सत्ताको बागडोर आफ्नो हातमा लिएर पनि एउटा माखो मार्न नसक्ने, देशको माया पटक्कै नभएका फदयहीन पात्रहरुको हातमा सत्ताको बागडोर परेको छ । जनताले आफ्ना पीडा र दु:खका कुरा जति सुनाए पनि पटक्कै सुन्न नचाहने र विदेशी दलालसँग मिलेर देशको अखण्डतामाथि नै आँच आउने, काम कति नहिच्किचाई गर्ने र हुने गरेका छन् । स्वदेशमै रहेका युवालाई पनि धर्म, संस्कार, संस्कृति आदिका फोस्रा कुरा सुनाएर टालटुल पार्न खोजिने अवस्था अहिले रहेको छ ।

देशलाई जनहितका दृष्टिले एकरत्ति नभएर आफ्नो स्वार्थ पूरा गर्नको लागि पटक-पटक दाउमा राख्ने गरिएको छ । त्यतिमात्र होइन कि भ्रष्टाचार र भ्रष्टाचारीलाई हदैसम्मको कार्यवाही गर्नुपर्ने माग राख्दै हिँडेका जनतालाई अनेक प्रकारका दु:ख दिएरै भए पनि अपराधी, ज्यानमारा आदिजस्ता चरित्रका मान्छेलाई कुनै सीमा नहेरी, कार्यवाही गर्नु र देशको अर्थतन्त्रलाई सुदृढ बनाउने काम गर्नको साटो शक्तिका भरमा धेरै थरीका नचाहिँदा उपद्रवहरु हुने गरेका छन् ।

राजनीतिक शक्तिको आडमा लागेर दलालहरुले देश बेचेर आफैं पो हसुर्ने हुन् कि भन्ने भयावह अवस्था सिर्जना भएको छ । हामीलाई सही पथ प्रदर्शन गर्ने सामर्थ्यको खोजी गर्नु थियो र अहिलेको इच्छा पनि तदनुसारकै रहेको छ । कहिले दूरदृष्टिको शासक आउला र हामीले कल्पना गरेको जस्तो सुन्दर कर्म गर्ला भन्ने हाम्रा कोमल इच्छाहरु कहिल्यै पूरा हुन पाएको भने कति पनि छैन । त्यसैले अब हामी भन्दै छौं :

*ए राजनेता भनाउँदा हावादारी मान्छेहरु हो,*
*बन्द गर तिमीहरुका बकवास,*
*अब हामी तिमीहरुलाई बहिष्कार गर्छौं, गर्छौं ।*
*हामीले यतिका वर्ष अपेक्षा गर्दै बस्यौं*
*अब तिमीहरुका खिया लाग्दा दिमाग विश्राम गरुन्*
*तिमीहरु त्यो भौतिक स्वर्गलोकबाट,*
*राजा बलि पाताल भासिएझैं,*
*छिटो भासियौ भने मात्रै जित्ने छौ ।*
*होइन, आनाकानी गर्छौ भने केही पनि हुनसक्छ ।*
*हामीलाई अब कुनै तन्त्र चाहिएन,*
*कुनै मन्त्र र धामीझाँक्री चाहिँदै चाहिएन ।*
*हामीलाई सबै तन्त्रले साधु बिरालो बनेर,*
*शरीरभर डसेको छ ।*
*नपत्याए हेर दाँत र नङ्गाका डोबहरु*
*हामीलाई पनि थाहा छ,*
*देश, धर्म, संस्कार र संस्कृतिको महत्व,*
*हो, अब हामी नयाँ शिराबाट थालनी गर्छौं*
*अनि कसैलाई नडसी, नमारी नयाँ परिवर्तन ल्याउँछौं*
*तिमीले जस्तो केवल आश्वासन मात्र होइन,*
*चमत्कार गरेर देखाउने सामर्थ्य हेर्ने छौ*
*त्यसैले बन्द गर बकवासका कुरा*

आजका आम नेपाली युवाको सामूहिक आवाज हो यो । अबका दिनमा नेपाली साहित्यका हरेक विधाले यस कुरालाई आत्मसात् गर्न बाध्य बन्नुपर्ने छ । अनि अनेक राजनीतिक दलका लम्पट कार्यकर्ताको कुरो गर्ने हो भने उनीहरु नेताको तलुवा चाट्न पाउन्जेल मात्र वरिपरि झुम्मिने होलान् ।

नेताको तलुवा चाट्न नपाउने भएपछि बाहिर मुखले नबोले पनि भित्री आत्माले यही कुरो बोल्न बाध्य हुनुपर्ने छ । आम नेपाली युवाले भ्रष्ट नेता अनि भ्रष्ट कर्मचारीलाई बहिष्कार गर्दै जान सकेको खण्डमा आउँदो पुस्ताको नेतृत्व गर्नेहरु त आजका भ्रष्टचारीजत्तिका अवश्य नहोलान् भन्ने अपेक्षा मात्र होइन विश्वास गर्नसमेत सकिन्छ ।

हामीले राणा शासनलाई भोग्यौं । राणा शासनले हामी आम नेपालीको मात्र होइन कि आमाको गर्भमा सुरक्षित ठानिएको शिशुले समेत डसाइ भोग्नुपऱ्यो । जसको परिणाम जन्मेर पनि अभिशप्त जीवन बाँच्नुपरेको थियो । पञ्चायती शासकबाट डसिएका दाह्रा र नङ्गाका डोबहरु अझै हामी कैयौं नेपालीका आङमा रहेका होलान् ।

गणतान्त्रिक शासन व्यवस्था यति धेरै निम्छरो भयो कि विनायोजनाको शासन, विनालक्ष्यको कर्म, केवल आम जनताको आँखामा धूलो हाल्ने र आफू लुक्ने हावादारी गफ गरेर सचेत जनतालाई झुलाइरहन खोज्ने प्रवृत्तिको विकास हुनाले गर्दा निराशाको मात्रा घनिभूत भएर जान थालेको छ । यही निराशाका कारण आत्महत्या गरेर धेरै ज्यानसमेत गुमाइसकेको अवस्था विद्यमान छ ।

आजका हामी नेपाली जनता अधिक मात्रामा सचेत जनताको सूचीमा परेका छौं । सचेत जनताको धर्म भनेको हाम्रा राजनीतिक, धार्मिक, सामाजिक, आर्थिक आदि क्रियाकलाप जुनसुकै स्तरबाट गरिँदाको समयमा ती क्रियाकलापसँगै कति विकृति पनि भित्रिए ? भनेर लेखाजोखा गर्नुपर्ने हो ।

हामीले आजसम्मका दिनमा यस्ता लेखाजोखा नगरेकै हामी निरीह मान्छेलाई धूर्त मान्छेहरुमध्ये कसैले दाह्रा धसेर लुछे अनि असह्य पीडा हुने घाउ बनाइदिए । कसैले हाम्रो रगत र पसिना पिएर उनीहरु मोटाए । कसैले हाम्रो इज्जतमाथि धावा बोलेर इज्जत लुटी लाखको सामुमा बेइज्जत गरे ।

यति भएर पनि हाम्रो सोच बदलिएन कि बरु मलाई त डसेको वा दाह्रा धसेको होइन, फलानालाई पो डसेको वा दाह्रा धसेको हो त भनेर हामी दाह्रा धसिनबाट जोगिनेहरु केही बेरका लागि मख्ख पऱ्यौं । जब आफ्नै शरीरमा निर्लज्जतापूर्वक दाह्रा धसिन आइपुगे तब मात्रै हामीलाई थाहा भयो कि फलानो मान्छेरुपको प्राणी खराब रहेछ, लोभी रहेछ, भ्रष्ट रहेछ भन्ने कुरा बल्ल थाहा भयो ।

भोगेपछि बल्ल थाहा पाउनुभन्दा अगावै कुनै कुरा थाहा पाइयो वा आफ्नो शरीरमा दाह्रा धसिन आइपुग्नुअगावै मलाई वा मेरो शरीरमा पनि दाह्रा धसिएला कि भनेर विचार गर्ने र दाह्रा धसिनबाट जोगिन वा दाह्रा धस्नेसँग कडा प्रतिवाद गरेर हराउन सक्ने मान्छे मात्रै सचेत मान्छेको परिभाषामा पर्ने गर्दछन् ।

हाम्रा नेताहरु धर्मसभामा गएर हामीलाई धार्मिक आस्थाको आधारमा बिभिन्ड्याउँछन् मात्र होइन कि भिडाउन समेत बेर लगाउँदैनन् । तर हामी आफैं सचेत भएकाहरुले धार्मिक सहिष्णुताको बाटो अपनाउन आफैंले जानेका थियौं । हाम्रो फदय नै पवित्र हुनाले कसैलाई दुर्भावनाको दृष्टिकोण नलगाएपछि त्यहाँ धर्मको नाममा विवाद हुने मौका नै आउने थिएन ।

पञ्चायती शासनकालसम्म हामीले कुनै राजनीतिक दलको दास नभईकन सहनशीलताको भावनामा एक-अर्कालाई जिउँदाको जन्ती र मर्दाको मलामीको भावमा डुबेर सद्भावपूर्ण व्यवहार अपनाएका थियौं । तर प्रजातान्त्रिक व्यवस्थासँगै हामी विभिन्न राजनीतिक दलका घोडा बनेर नेतालाई बोक्दै र उचाल्दै माथिको कुर्सीमा बसाउन भ्यायौं । आज आएर हामीले माथिको कुर्सीमा बसाएको नेताले देशको ढुकुटी निर्धक्कसँग लुटी खाएर, शरीर फुलाएर, हाम्रो टाउकोमा टेकेर हामीमाथि मनपर्दी शासन गरिरहेको छ । हामी धेरै पीडा खपेर पनि त्यस असहिष्णु व्यवहारलाई सहन विवश छौं । त्यसैले, हामी भन्छौं :

*तिम्रो असहिष्णु व्यवहार बन्द गर*
*जेलमा परेका ज्यानमारा अपराधीलाई,*
*जेलमुक्त गर्ने तिमी ऊभन्दा हजार गुना अधिक*
*अपराधी हौ, ज्यानमारा र हत्यारा हौ ।*
*देशको ढुकुटीलाई मनलाग्दी मास्ने अपराधीको,*
*संरक्षणकर्ता, तिमी उपरको अपराधी हौ ।*
*त्यसैले बन्द गर तिम्रा बकवासका कुरा*
*सुन्दा सुन्दा कान टट्टाए,*
*निराशाले पराकाष्ठा नाघ्यो ।*

एक करोड नेपाली युवाको यो जोशिलो आवाजले कुशासनको दलदलमा फसेको अनि अनेक तानाबाना बुनेर भ्रष्टाचारमा लिप्त रहेकाहरुको मस्ती मार्न सक्नुपर्छ । त्यसैले फेरिको यो आह्वान भ्रष्ट र कुशासनको बहिष्कार, हामी युवाको अभियान रहनेछ ।

*(साभार: नेपाल समाचारपत्र)*

# ६४ जिल्ला राजमार्गबाट सरकारलाई दुग्ध किसानको खबरदारी

काठमाडौं/बिहीबार
देशभरि दुग्ध किसानले आन्दोलन गरेका छन् । दूध उत्पादक किसानले भुक्तानी नपाएको भन्दै केन्द्रीय दूध उत्पादक सहकारी संघको आह्वानमा ६४ जिल्लाका दूध सहकारी संघले आन्दोलन गरेका हुन् ।

केन्द्रीय संघका अनुसार ६४ जिल्लामा सहकारी संघ आह्वानमा आन्दोलन भए पनि देशभरि दूध किसानको समस्या भएकाले अन्य जिल्ला राजमार्गमा प्रदर्शन गरेर आन्दोलन गरेका हुन् ।

केन्द्रीय संघले ७ फागुनमा घोषणा भएको कार्यक्रम अनुसार बिहीबार देशभरि दूध किसानले राजमार्गबाट सरकारको विरोध गरेका हुन् । केन्द्रीय अध्यक्ष अमरबहादुर कुँवरका अनुसार बिहान १० बजेदेखि १२ देशका राजमार्गमा चक्काजाम भएको थियो ।

'हामीले सबै जिल्ला दुग्ध उत्पादक सहकारी संघ/संस्था मार्फत आन्दोलन गर्दै सरकारलाई दबाब दिएका हौं । किसानका समस्या समाधान गर्न सरकारले नसुनेपछि आन्दोलन गर्नुपरेको हो,' अध्यक्ष कुँवरले संचारकर्मीसँग भने ।

यसअघि संघले १३ फागुनमा राजनीतिक दलका शीर्ष नेता र प्रमुख सचेतकलाई मागपत्र बुझाएको थियो । यस्तै १४ र १५ मा ७७ जिल्ला प्रशासन कार्यालयमा धर्ना दिँदै ज्ञापनपत्र बुझाएको थियो । संघले २१ फागुनमा केन्द्रीकृत वृहत् किसान आन्दोलन गर्ने भन्दै काठमाडौं माइतीघरमा भेला हुने जनाएको छ ।

दुग्ध उत्पादक किसानले धनकुटा हिले बजारमा चक्काजाम गरेका थिए । उनीहरूले कोशी राजमार्गमा २ घण्टा चक्काजाम गराए । किसानले रौतहट चपुर, बारा निजगढमा पूर्वपश्चिम राजमार्गमा चक्काजाम गरे ।

यस्तै बागमती प्रदेश राजधानी हेटौंडा मुख्य सडकमा त्यालीसहित आन्दोलन गरेर प्रदेशका




सहकारी मन्त्रालय अगाडि कोणसभा गरे । राप्ती रोड, जिल्ला प्रहरी कार्यालय, बसपार्क, राम मन्दिर, मेनरोड, उद्योग वाणिज्य संघ हुँदै उनीहरूले आन्दोलन गरे । मकवानपुरका किसानले त्रिभुवन राजपथ, पूर्वपश्चिम राजमार्ग २ घण्टा अवरुद्ध पारे ।

यस्तै काभ्रेका किसानले अरनिको राजमार्ग अवरुद्ध पारे । बनेपा चारदोबाटोमा चक्काजाम गरिएको काभ्रे दुग्ध उत्पादक सहकारी संघ सल्लाहकार लिलाराज नेपालले बताए । पूर्वी नवलपरासीका किसानले पनि कावासोतीमा दूध पोखेर पूर्वपश्चिम राजमार्गमा चक्काजाम गरे ।

कैलाली अत्तरियामा दुग्ध उत्पादक किसान तथा नेपाल किसान महासंघले सडकमा दूध पोखेर चक्काजाम गरे । संघ अध्यक्ष अमर बहादुर कुँवरले देशभरि चक्काजाम गरे पनि सबै स्थानमा शान्तिपूर्ण आन्दोलन भएको बताए ।

'पूर्वका एक दुई जिल्लामा प्रहरीले हस्तक्षेप गर्न खोजे पनि सामान्य ढंगको छलफलपछि शान्त भएको थियो । देशभरि शान्तिपूर्ण आन्दोलन भए । कतिपय स्थानमा किसानले दूध पोखे, कतिपय ठाउँमा बटुवालाई खुवाए, सहभागीले दिए,' उनले संचारकर्मीसँग भने ।

### ७ अर्ब भुक्तानी बाकी

दुग्ध उत्पादक सहकारी संघ केन्द्रीय अध्यक्ष कुँवरका अनुसार देशभरि गरेर १ हजार ८ सय ५७ दुग्ध उत्पादन सहकारी छन् । 'सहकारीले किसानको दूध किनेर डीडीसी, डेरी उद्योगहरूलाई दिएको हुन्छ तर त्यसरी दिएको दूधको भुक्तानी नपाउँदा किसान समस्यामा छन् । करिब ७ अर्ब रुपैयाँ भुक्तानी हुन सकेको छैन,' कुँवरले भने, 'किसानले घरमा पालेको गाईभैंसीलाई ढुटो, चोकर, घाँस खुवाउन नसक्ने अवस्था आइसकेको छ । त्यही भएर आन्दोलन भइरहेको हो ।'

कुँवरका अनुसार डेरी उद्योग संघ, नेपाल डेरी एसोसिएसन र दुग्ध विकास संस्थान (डीडीसी) ले किसानलाई भुक्तानी दिन बाँकी छ । 'हामीसँग किनेको दूधको उत्पादन बिक्री नभएको भन्दै किसानलाई भुक्तानी नदिँदा भइरहेको समस्यामा सरकारको ध्यानाकर्षण गराउन आन्दोलन गरेका हौं,' कुँवरले भने ।

राष्ट्रिय दुग्ध विकास बोर्डका कायकारी निर्देशक डा. राजेन्द्रप्रसाद यादवले फरक-फरक ठाउँको भुक्तानी माग फरक हुँदा यति नै रकम दिन बाँकी भन्ने यकिन भन्न सकिने अवस्था छैन ।

'किसान, दुग्ध सहकारीले ७ अर्ब भुक्तानी दिन बाँकी छ भन्छन् तर हामीले सरोकारवालासँग छलफल गर्दा ५ अर्ब जति भुक्तानी रहेको अनुमान गरेका छौं,' यादवले संचारकर्मीसँग भने ।

नेपाल डेरी एसोसिएनका अनुसार अहिले मुलुकमा दैनिक ३३ लाख लिटर दूध उत्पादन हुन्छ । जसमध्ये २७ लाख लिटर खपत हुन्छ भने ५ लाख लिटर बढी दूधको दुग्धजन्य पदार्थ उत्पादन गर्नुपर्ने हुन्छ । दुग्ध विकास बोर्डका अनुसार ३० लाख किसान दूध उत्पादनमा संग्लन छन् ।

### किन भएन भुक्तानी ?

नेपाल डेरी एसोसिएनले दूध उत्पादन क्षेत्रमा कहिल्यै नदेखिएको र नभोगेको समस्या उत्पन्न भएको जनाएको छ ।

'दूध उत्पादन र दुग्धजन्य खाद्य पदार्थको स्टक पहिलोपल्ट यति ठूलो समस्याका रूपमा देखिएको हो,' एसोसिएन अध्यक्ष प्रह्लाद घिमिरे भन्छन्, 'हाल ५ अर्बभन्दा धेरैको सामान स्टक रहेका कारण डेरीले किसानलाई पैसा दिन नसकेको हो ।'

डीडीसी महाप्रबन्धक सञ्जीवकुमार झाका अनुसार बजारमा दूध उपभोक्ता घटेकाले किसानको रकम भुक्तानीमा समस्या रहेको छ ।

'डीडीसीको मात्रै करिब १ अर्ब १० करोड मूल्य बराबरको उत्पादन स्टक भएर बसेको छ । हामीले किसानसँग किनेको दूधको परिकार बनाएर बजारमा बिक्री नहुँदा हाम्रो पूँजी त्यहीँ रोकिएको छ,' महाप्रबन्ध झाले भने, 'जसका कारण किसानले भुक्तानी नपाएका हुन् । बिस्तारै बजारको सिजन वैशाखदेखि सुरु हुने भएकाले खपतसँगै पूँजी आउँदा किसानले भुक्तानी पाउनेछन् ।'

### के हो मुख्य माग ?

७ फागुनदेखि आन्दोलनका विभिन्न कार्यक्रम गरिरहेका किसानले दूधको बक्यौता रकम तत्काल भुक्तानी गर्नुपर्ने मुख्य माग राखेका छन् ।

किसानले उत्पादन गरेको सम्पूर्ण दुग्ध पदार्थ खरिद गर्ने व्यवस्था गर्न सरकारसँग माग पनि संघको छ । त्यस्तै भारतबाट दूध र दुग्धजन्य पदार्थ आयात भएको विषयमा प्रभावकारी छानबिन र अनुगमन गरी आयात बन्द गर्न माग गरेको छ ।

खरिद मूल्यमात्र निर्धारण गरिएकोमा बिक्री मूल्य समेत निर्धारण गर्न सरकारसँग माग गरेका छन् । संगठनहरूले बिक्री नभएको दूधलाई पाउडर बनाइ देशलाई 'मिल्क होलिडे' हुनबाट सरकारले रोक्न आवश्यक रहेको उनीहरूको भनाइ छ ।

त्यस्तै नेपाली सेना, नेपाल प्रहरी लगायत निकायहरुले अनिवार्य खरिद गर्नुपर्ने, खेलाडीको डाइटमा दूध समावेश गर्नुपर्ने लगायत माग छ ।

(स्रोतः अनलाइनखबर)

# 'रङ्गेली'को चरित्रबारे अर्पण भन्छन्, 'टिपिकल भिलेन हुँ'

काठमाडौं/हरेक प्रकारको चरित्रमा आफूलाई ढाल्न सक्ने खुबी भएका अभिनेता हुन्, अर्पण थापा । विशेषगरी नकारात्मक चरित्रमा उनी रुचाइएका छन् । यही फागुन २५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रङ्गेली'मा पनि उनी भिलेनको भूमिकामा छन् । उनको चरित्र ग्याङस्टर हो । उनी ग्याङस्टर चरित्रमा अभिनय गर्नु आफ्नो रुचि रहेको जिकिर गर्छन् ।

'रङ्गेली'मा आफ्नो चरित्रबारे उनी भन्छन्, 'भगवान् दादा मोरङ जिल्लाको रङ्गेली भन्ने ठाउँको शक्तिशाली मान्छे हो । उसले एउटा एरियालाई आफ्नो अधीनमा राखेको हुन्छ । प्रशासनदेखि लिएर धेरै कुरामा उसको हस्तक्षेप हुन्छ । मान्छेमा धेरै पावर भइसकेपछि पावरको लेभल बढ्दै जाने हो । त्यसको मात्रा बढ्दै गएपछि राजनीतिक कुरालाई पनि जोड्ने हो । मैले काम गरिरहँदा मलाई प्रशासनले र आफूले गरिरहेको कामले गाह्रो बनाउने अवस्था आउँछ । म 'रङ्गेली'को मुख्य प्रोटागोनिस्ट हुँ ।'



अर्पण आफ्नो चरित्र भगवान् दादालाई टिपिकल भिलेनको रुपमा परिभाषित गर्छन् । 'मलाई यस्तै क्यारेक्टर मनपर्छ । किनभने यसमा अलिक बढी भेरिएसन दिन पाइन्छ । लुक्स र गेटअपले गर्दा मलाई दर्शकले युरोपियन लुक्स जस्तै देखिएको भन्छन् । तर फिल्ममा मलाई दर्शकले टिपिकल लोकल लुक्समा देख्नुहुन्छ । एक तहमा मेरो लुक्स केही फरक छ,' अर्पणको दाबी छ ।

फिल्मको तयारी गर्दा अर्पणले धेरैपटक 'लुक टेस्ट' गरेका थिए । कुन पहिरन लगाउने भन्ने विषयमा लामो छलफल भएको थियो । तर, 'लुक टेस्ट' गर्दा र सेटमा पुगेपछि उनको लुगामा परिवर्तन गरिएको रहेछ । 'मैले सेटमा धोती र कालो सट लगाएर पहिलो सट दिएको थिएँ । त्यो लुगा सबैले मन पराएपछि पहिरन परिवर्तन नगर्ने निर्णयमा पुग्यौं । मेरो चरित्रका लागि चारवटा कोट र पाइन्ट तयार पारिएका थिए । ट्रेलरमा देखिएको कालो र सेतो रङ्गको पहिरनले मेरो चरित्रलाई जस्टिफाई गर्‍यो,' अर्पण भन्छन् ।

अर्पणको बुझाईमा कोही पनि ग्याङस्टर बन्दैन । समाज र वातावरणले ग्याङस्टर बनाउने उनको तर्क छ । 'ग्याङस्टर बन्ने भन्दा पनि बनाउने हो । समाजले अथवा यदि म त्यो वातावरणमा बच्चैदेखि विकसित भइरहेको छु भने त्योभन्दा बाहिर सोच्दिनँ । त्योभन्दा बाहिर बन्ने हैसियत मेरो छैन भने कमजोरीको स्तरले सो बाटोमा ढल्काउँछ । तर यदि त्यो ठाउँमा तपाईँ विज्ञ भएर बस्नुभयो भने तपाईँको त्यही विषयमा प्रोफेसन हल्का परिवर्तन गर्न खोज्दा रहेछन्,' उनी अगाडि भन्छन्, 'जस्तो कि भगवान् दादा पनि बिस्तारै आफ्नो इमेज छोडेर राजनीतिमा लागे जस्तै वास्तविक जीवनमा ग्याङस्टरले गर्ने त्यही हो । नेपाल होस् या संसारको कुनै पनि कुनामा होस्, यो चलन नै हो ।'

अर्पण तराईतिरको बसाईमा खासै भिजेका थिएनन् । स्क्रिप्टअनुसार आफूलाई तयार पारेका उनले सेटमा पुगेपछि भने चरित्रमा केही अदलबदल गरेका थिए । उनी स्मरण गर्छन्, 'छायाङ्कनमा गएपछि दुई/चारवटा कुरा धेरै देखियो । यहाँ यस्तो हुँदो रहेछ भनेर थाहा भयो । यो कुरालाई चाहिँ मान्छेले जिज्ञासाको रूपमा राख्छन् या यो कुरालाई मान्छेले खासै मतलब पनि गर्दैनन् भन्ने कुरा जोडिन थालेपछि त्यही अनुसार क्यारेक्टरलाई केही अदलबदल चाहिँ गर्‍यौं ।'

अर्पण 'रङ्गेली'लाई आफ्नो विधाअनुसार बनेको फिल्म मान्छन् । फिल्मको विधाअनुसार नै कथा बगेको उनको दाबी छ । 'अक्सर फिल्ममा एउटा विधा भन्छौं, तर त्यसको खिचाई र परिवेश फरक हुन्छ । 'रङ्गेली'मा चाहिँ विधाअनुसार नै कथा बगेको छ । विधा र ठाउँ अनुसारको लुक चाहिने भएकाले त्यही नै एडप्ट गरिएको छ । फिल्मका साना-साना चरित्र पनि कथा सुहाउँदो र विश्वासिला बनेका छन्,' उनी सुनिए ।

सुशन प्रजापतिको छायांकन रहेको 'रङ्गेली'लाई अर्जुन सुवेदीले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा अर्पणका साथै दयाहाङ राई, मिरुना मगर, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताल लगायतको अभिनय छ । फिल्मका कार्यकारी निर्माताहरु जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् भने निर्माताहरुमा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ हुन् छन् ।

(स्रोत:फिल्मीखबर)

# फेरी अभागी नेपाल, पेनाल्टी सुटआउटमा जोर्डनसँग पराजित हुँदै उपविजेता

काठमाडौं/नेपालले राष्ट्रिय महिला फुटबल टिम वाफ वुमन्स च्याम्पियनसिपको फाइनलमा जोर्डनसँग पराजित भएको छ । साउदी अरेबियामा भएको आठौं संस्करणको वाफ च्याम्पियनसिप फाइनलमा जोर्डनसँग पेनाल्टी सुटआउटमा ५-३ ले पराजित भएपछि नेपाल उपविजेतामै समेटियो ।

जेद्दाहस्थित प्रिन्स अब्दुलल्ह अल-फैसल स्पोर्ट्स सिटी मैदानमा भएको फाइनल खेल निर्धारित ९० मिनेट २-२ को बराबरीमा सकिएपछि खेलको निर्णय पेनाल्टीसुटआउटबाट भएको हो ।

पेनाल्टीसुटआउटमा जोर्डनले प्रहार गरेका पाँचै पेनाल्टी गोल भयो । नेपालका लागि गीता राना, दीपा शाही र हिरा कुमारी भुजेलले गोल गर्दा अमृता जैशी चुकिन् । अमृताको पेनाल्टी जोर्डनी किपरले बचाए । जोर्डनले छैटौं पटक वाफ च्याम्पियनसिप उपाधि जितेको हो ।

खेलपछि नेपाली टोलीकी सदस्य दीपा शाहीले निर्धारित समयमा राम्रो खेलपनि पेनाल्टीमा पुगेर पराजित हुनुपरेको भन्दै भावुक बनेकी थिइन् । उनले सावित्रा भण्डारीलाई मिस गरेको बताइन् । 'हामीले ९० मिनेटमा फाइट गर्‍यौं राम्रो गर्‍यौं । तर खेल पेनाल्टीमा गयो । हामीले साम्बा दिदीलाई मिस गर्‍यौं । पेनाल्टी खेलको पार्ट हो र हामी पराजित भयौं । सबै समर्थकलाई धन्यवाद ।'

नेपाली टिमका नियमित सदस्य तथा मुख्य गोलकर्ता सावित्रा भण्डारी क्लब ड्युटीका लागि फ्रान्स गएपछि मुख्य प्रशिक्षक राजेन्द्र तामाङले नेपालको प्लेइङ ११ मा तीन परिवर्तन गरेका थिए । सावित्रासँगै अनिता बस्नेत र अनिता केसीको स्थानमा रश्मि कुमारी घिसिङ, दीपा शाही र सविता राना मगर पहिलो रोजाइँमा खेलेका थिए ।



प्रतियोगिताकै सर्वाधिक ९ गोल गरेकी सावित्रा नहुँदा नेपाली टिममा पनि त्यसको असर देखियो ।

केही समयअघि मात्रै फ्रेन्च क्लब इए गुइगाम्पमा अनुबन्ध हादै फ्रान्सको लिग खेल्ने पहिलो नेपाली फुटबलकरो इतिहास बनाएकी सावित्राले नेपाललाई फाइनलसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् । उनले समूह चरणमा इराक विरुद्ध ह्याट्रिक सहित ५ गोल गरेकी थिइन् । सेमिफाइनलसम्म ४ खेल खेलेकी सावित्राले ९ गोल गरिसकेकी छन् र उनी सर्वाधिक गोलकर्तामा शीर्षमा छन् ।

सावित्रा नहुँदा नेपाली टोलीको कम्बिनेसन कस्तो होला? कसरी खेल्ला, उनको स्थान कसले लेला भनेर धेरै कौतुहलता थियो । तर सावित्रा नहुँदा टिममा पहिलो रोजाइँमा अवसर पाएका अन्य खेलाडीले राम्रो प्रदर्शन गरेका थिए ।

नेपालले सुरुमा अग्रता लिएको र पछि पर्दा पनि अन्तिम सममया गोल गर्दै खेललाई पेनाल्टी सुटआउटसम्म पुर्‍याएको थियो । पेनाल्टीमा भने नेपाल भाग्यमानी बन्न सकेन र फेरि फाइनलमा पराजित भयो ।

पहिलो रोजाइँमा खेलेकी सविताले आफूलाई प्रमाणित गर्दै २९औं मिनेटमा गोल गर्दै नेपाललाई अग्रता दिलाइन् । रेखा पौडेलले दिएको क्रस जोर्डनी खेलाडीले रोक्ने प्रयास गरेपनि सफल नहुँदा बक्स बाहिर सविता बल पाइन् र त्यसमा उनले सिधा प्रहार गर्दा जोर्डनी खेलाडीलाई लाग्दै गोलमा परिणत भयो ।

७३औं मिनेटमा लाना फेरासले जोर्डनको लागि बराबरी गोल गरिन् । ७५औं मिनेटमा जोर्डनले अर्को गोल गरेपनि सहायक रेफ्रीले अफसाइड झण्डा उठाएपछि नेपालको संकट टरेको थियो ।

८९औं मिनेटमा साराह अबु शाबाहले गोल गरेपछि जोर्डनले २-१ को अग्रता लियो । र जोर्डन जित नजिक पगेको थियो । तर इन्जुरी टाइमको पहिलो मिनेटमा जोर्डनी खेलाडीले बक्समा ह्यान्ड गरेपछि नेपालले पेनाल्टी पायो । त्यसमा गीता रानाले गोल गर्दै खेल २-२ को बराबरीमा पुर्‍याइन् ।

९० मिनेटपछि खेल सिधै पेनाल्टीसुटआउटमा गएको थियो । निर्धारित समयमा कडा फाइट गरेपनि पेनाल्टीसुटआउटमा नेपालले पराजित भयो । नेपालले महिला फुटबलमा फाइनलमा पराजित भएको यो ११औं पटक हो ।

यसअघि नेपालले विभिन्न प्रतियोगितामा गरी १० पटक फाइनल पुगेपनि सधैँ उपविजेतामै सिमित भएको थियो । जसमा नेपाल साफ महिला च्याम्पियनसिपमा ५ पटक फाइनल खेल्दा पाँचै पटक उपविजेता बनेको थियो । यस्तै दक्षिण एसियाली खेलकुद (साग)मा तीन पटक फाइनल पुग्दा पराजित भयो । यस बाहेक सन् २०१९ मा भारतमा भएको वुमन्स गोल्डकप कप र कीर्गिस्तानमा भएको नादेज्दा कपमा पनि फाइनल पुग्दै उपविजेताममै समेटिएको थियो ।

(स्रोतः अनलाइनखबर)

# प्रतिवेदन परिमार्जन गरेर प्रचण्डको चित्त बुझाउने पक्षमा देउवा

काठमाडौं/नेपाली कांग्रेसका शीर्ष नेताहरुबीच सत्तारुढ माओवादीको असन्तुष्टिबारे छलफल भएको छ । र, संस्थापन पक्षका नेताहरु माओवादीको चित्त दुखाई सम्बोधन गर्न हालै सम्पन्न पार्टीको महासमिति बैठकमा पेश भएको प्रतिवेदन परिमाजन गर्न तयार देखिएका छन् ।

७ देखि १० फागुनमा भएको महासमिति बैठकमा आएका सुझावका आधारमा प्रतिवेदनहरु परिमार्जनका लागि केन्द्रीय कार्यसमिति बैठक कहिले बोलाउने भनेर परामर्श गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले शीर्ष नेताहरुलाई बोलाएका थिए । देउवा निवास, बूढानीलकण्ठमा भएको छलफमा उपसभापति पूर्णबहादुर खड्का र धनराज गुरुङ, महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा, संसदीय दलका प्रमुख सचेतक रमेश लेखक र मुख्य सचिव कृष्ण पौडेल थिए ।

तर नेताहरुबीच महासमितिमा भएको छलफललाई लिएर माओवादीको असन्तुष्टि र आसन्न राष्ट्रियसभा निर्वाचनमा आफ्नो उम्मेदवार उठाउने निर्णयबारे धेरै छलफल भएको छ । माओवादीको बुधबार सम्पन्न स्थायी समिति बैठकमा नेताहरुले कांग्रेस महासमितिमा पेश भएको प्रतिवेदनमा जनुयुद्धलाई अवमूल्यन गरेको भन्दै आपत्ति जनाएका थिए ।

भविष्यमा चुनावी गठबन्धन नगर्ने महामन्त्री गगनकुमार थापाको प्रस्ताव र शंकर भण्डारी नेतृत्वको समूहले हिन्दु राष्ट्रका पक्षमा चलाएको अभियानमा पनि माओवादी नेताहरुको असन्तुष्टि छ । उनीहरुकै जोडबलमा माओवादीले आसन्न राष्ट्रियसभा अध्यक्षको निर्वाचनमा आफ्नै उम्मेदवार उठाउने निर्णय गरेको छ । यो निर्णयलाई कांग्रेस शीर्ष नेताहरुले माओवादीको प्रतिक्रियात्मक कदम भनेका छन् । गठबन्धनमा सरसल्लाह गरेर पार्टीले निर्णय गर्नुपर्नेमा माओवादीले दलमा निर्णय गरेको आएको भन्दै कांग्रेसका एक पदाधिकारीले भने, 'राष्ट्रिय सभा निर्वाचनमा कोशीको परिणाम, हाम्रो महासमिति बैठकमा व्यक्त भएका विचारहरुको प्रतिक्रिया स्वरुप माओवादीको निर्णय भएको देखिन्छ ।'

छलफलमा उपसभापति पूर्णबहादुर खड्काले सशस्त्र युद्धबारे कांग्रेसको प्रतिवेदनमा गरिएको टिप्पणीमा प्रधानमन्त्रीको प्रष्ट असहमति देखिएको बताए । माओवादीसँग सत्ता गठबन्धनमा रहेर सशस्त्र युद्धबारे गरेको टिप्पणी उपयुक्त नभएको भन्दै उनले प्रचण्डको असन्तुष्टि सम्बोधन गर्नुपर्ने बताएका छन् । महासमिति बैठकमा उपसभापति खड्काले पेश गरेको नीति प्रतिवेदनमा माओवादी सशस्त्र विद्रोहलाई औचित्यहीन भनिएको छ ।

महामन्त्री विश्वप्रकाश शर्माले कोशी प्रदेशका सरकार गठन र राष्ट्रियसभा निर्वाचनलाई लिएर माओवादीको गुनासो हुनु स्वभाविक भएको बताए । तर कांग्रेस पनि माओवादीप्रति गुनासो रहेका उनले बताए । २०७९ मंसिरको चुनावमा रोल्पामा कांग्रेसका लुम्बिनी प्रदेश सभापति अमरसिंह पुन, माओवादीका विद्रोही उम्मेदवारसँग पराजित भएका थिए । यसबारे माओवादीले केही नबोलेको उनको तर्क छ ।

महामन्त्री शर्माले आवश्यक परे मन्त्रिपरिषद् पुनगर्ठन गरेर जानुपर्ने बताएका थिए । प्रधानमन्त्रीलाई सहज बनाउन र जनतामा देखिएको असन्तुष्टि सम्बोधन गर्न मन्त्रिपरिषद् पुनगर्ठन गर्न सकिने शर्माको विश्लेषण छ ।

अर्का महामन्त्री गगनकुमार थापा भने राज्य व्यवस्था समितिको बैठक सकेर अन्तिमतिर मात्र पुगेका थिए । त्यसैले उनी सामूहिक छलफलमा सहभागी भएनन् । छलफलमा सभापति देउवाले भने प्रधानमन्त्री र आफूबीच बहिर आएको जस्तो दूरी नबढेको बताएका छन् । (स्रोतः अनलाइनखबर)


# 'अगस्त्य' : उच्च हाइप, उच्च अपेक्षा

काठमाडौं/केही वर्षयता नेपाली फिल्ममा सामाजिक विषयवस्तुले प्रधानता पाइरहेको छ । त्यसमा कमेडी हाबी देखिन्छ । तर, एक्सनको भने अभाव खड्किँदै आएको छ । कुनै समय नेपाली फिल्ममा एक्सनकै बोलबाला थियो । राजेश हमाल, निखिल उप्रेती, विराज भट्ट जस्ता स्टारहरु सुस्ताएसँगै एक्सन फिल्मको ट्रेन्ड भत्कियो । बलिउड र साउथले भने यतिबेला एक्सनलाई नै जोड दिइरहेका छन् ।

नेपाली फिल्ममा एक्सनको अभाव भैरहेको समयमा फिल्म 'अगस्त्य'ले केही आशा देखाएको छ । साउथको झल्को दिने गरी तयार पारिएको टिजर र ट्रेलर पछि फिल्मको हाइप उच्च बनेको छ । एक्सनका पारखीलाई फिल्मले हलमा आकर्षित गर्न सक्ने सम्भावना प्रवल देखिन्छ । टिजर र ट्रेलरले फिल्मप्रति दर्शकको अपेक्षा पनि बढाएको छ । फिल्मका लागि सबैभन्दा ठूलो चुनौती नै यही हो ।

फिल्मको हाइपअनुरुप एडभान्स बुकिङमा त्यो उत्साह देखिएको छैन । हुन त नेपालमा अनलाइनबाट टिकट बुकिङको ट्रेन्ड खासै फस्टाइसकेको छैन । फिल्मको टिकट काउन्टरबाटै बढी विक्री हुने गरेको पाइन्छ । 'अगस्त्य'लाई पनि अब 'डोर सेल'को भर छ । त्यसका लागि अब्बल 'माउथ पब्लिसिटी'को आवश्यकता पर्नेछ । बिहीबार प्रिमियरमा प्राप्त हुने प्रतिक्रिया पनि महत्वपूर्ण रहनेछ ।

एकातिर टिजर र ट्रेलरले 'अगस्त्य'को हाइप उत्कर्षमा छ भने अर्कोतिर कलाकारको 'लाइनअप' बलियो छ । फिल्मको ओपनिङमा प्रभाव पर्ने यी ठूला आधार हुन् । फिल्मले देशभर डेढ सय हाराहारी शोज पाएको छ । सुखद् ओपनिङका लागि यो पर्याप्त शोज हो । 'अगस्त्य'ले व्यापारमा



उछाल कायम गरेको अवस्थामा नेपाली फिल्ममा एकपटक फेरि एक्सनको युग सुरु हुनसक्ने देखिन्छ ।

सौरभ चौधरीको निर्देशन रहेको यस फिल्ममा सौगात मल्ल, नाजिर हुसेन, मलिका महत, प्रमोद अग्रहरी, निश्चल बस्नेत, बेन बस्नेत, विजय बराल, रवीन्द्र झा, शिशिर बाङ्देल, सिम्रन खड्का लगायतको अभिनय छ । सेन्सर बोर्डबाट पीजी सर्टिफिकेट प्राप्त गरेको फिल्मको लम्बाई २ घण्टा ५० मिनेट निर्धारण गरिएको छ । 'अगस्त्य' यही शुक्रबार अर्थात् फागुन १८ गतेबाट प्रदर्शनमा आउँदैछ ।

(स्रोत:फिल्मीखबर)

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडाको मुख्य बजारमा किसानको विरोध प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको नेतृत्वमा बिहीवार किसानले हेटौंडामा सडक आन्दोलन गरेका छन् ।

केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडको आन्दोलनलाई ऐक्वबद्धता जनाउँदै दुग्ध संघ मकवानपुरमा आबद्ध किसान आन्दोलित भएका हुन् । मकवानपुरका करिब ६ हजार दुग्ध किसानको उपस्थितिमा आन्दोलन भएको हो । जिल्लाका चारवटै नाकाबाट मुख्य बजार हेटौंडामा भेला भएका किसानले मुख्यचोक बुद्धचोकमा नारबाजी गर्दै राजमार्ग बन्द गराएका हुन् । विरोधऱ्याली राप्तीरोड, जिल्ला प्रहरी कार्यालय, बसपार्क, राममन्दिर, मेनरोड, उद्योग वाणिज्य संघबाट चौकीटोल ओरालो सहकारी मन्त्रालयसम्म पुगेर कोणसभामा परिणत भएको थियो । सडकमा किसान हिँडेर करिब २ घण्टा राजमार्ग अवरुद्ध गरिएको थियो ।

सरकारी स्वामित्वको दुग्ध वितरण आयोजना र निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगबाट किसानले पाउनुपर्ने रकम भुक्तानी पाउन सकेका छैनन् । विगत ६ महिनादेखि करिव ६० करोड बाँकी रहेको संघका अध्यक्ष हरि कंडेलले जानकारी दिए । आन्दोलनरत किसानले दुग्धको रकम भुक्तानी पाउनु पर्ने, दुग्ध विक्रीको ग्यारेन्टी हुनुपर्ने, मिल्क होलिडे सदाको लागि बन्द हुनुपर्ने, उत्पादनका आधारमा अनुदान दिनुपर्ने, प्रतिलिटर अनुदान कायम गनुपर्ने, किसानलाई सहुलियत कर्जाको व्यवस्था गर्नुपर्ने, सहकारी मार्फत पशुधन संरक्षण कार्यक्रम लागु हुनुपर्ने माग गरेका थिए । यसैगरी दुग्धजन्यपदार्थ निर्यातको प्रबन्ध तथा आयात प्रतिबन्ध गर्नुपर्ने माग गरिएको छ ।

दुग्ध किसानले मकवानपुर जिल्ला बकैया र बागमती गाउँपालिका, हेटौंडा वडा नम्वर १७ र १८ तथा मकवानपुरगढी गाउँपालिका र सुकौराका दूध किसान सानोपोखरा चोकमा, भीमफेदी गाउँपालिका र पुरानो मकवानपुरगढी गाउँपालिका वडा नम्वर ५ र ६ का किसान चौकीटोलमा, हेटौंडा १९, ३ र ११ तथा मनहरी गाउँपालिकाका किसान राप्ती पुलमा, मनहरी-१ र हेटौंडा-१२, १३, १४ र १५, ७ र ८ का किसान कर्रापुलमा भेला भएर बुद्धचोकमा जम्मा भई विभिन्न ब्यानर तथा प्लेकार्डसहित ऱ्याली सुरु गरेका थिए ।

ऱ्याली राप्तीरोड, जिल्ला प्रहरी कार्यालय, बसपार्क, राममन्दिर, मेनरोड, उद्योग वाणिज्य संघबाट चौकीटोल ओरालो सहकारी मन्त्रालयसम्म पुगेर कोणसभामा परिणत भएको थियो । सरकारी स्वामित्वको दुग्ध वितरण आयोजना र निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगबाट किसानले पाउनुपर्ने ६ महिनादेखिको करिब ६० करोड र कम भुक्तानी बाँकी रहेको जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष कँडेलले जानकारी दिए ।

# योगी नरहरि नाथको जन्मोत्सवका अवसरमा कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ राष्ट्रगुरु योगी नरहरि नाथको जन्मोत्सवका अवसरमा हेटौडामा एक कार्यक्रमको आयाजना गरिएको छ ।

विश्व हिन्दु महासघ हेटौंडा नगर समिति, जिल्ला समिति एवम् हनुमान मन्दिर व्यवस्थापन समितिको संयुक्त उपस्थितिमा राष्ट्र गुरु योगी नरहरि नाथको शालिकमा माल्यार्पण गरिएको हो ।

राष्ट्रगुरुको शालिक भएको स्थान हेटौंडा-१० राप्तीतट, गोरक्षस्वरधाममा आयोजित कार्यक्रममा संस्कृत वेद विद्यालयका वटुक ब्राह्मणहरुद्वारा स्वस्तिवाचन गरेर माल्यार्पण गरिएको थियो ।

कार्यक्रममा विश्व हिन्दु महासंघ बागमती प्रदेशका उपाध्यक्ष हृयग्रीव आचार्यले योगी नरहरि नाथको जीवनी र हिन्दुधर्म संरक्षणको निमित्त भोग्नु परेका कठिनाइ एवम् योगी नरहरि नाथद्वारा प्रकाशित कृति धार्मिक पुस्तकको बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा सहभागी वक्ताले युवाजमातले योगी नरहरि नाथको जीवनीबाट हिन्दुधर्म रक्षा गर्न खटिनु पर्ने र युवामा धर्मको प्रचार गरिनुपर्ने विषयमा धारणा राखेका थिए ।

कार्यक्रम नगरअध्यक्ष राजेश वाग्लेले सहभागी सबैमा धन्यवाद दिएका थिए । हनुमान मन्दिर विकास समितिका सचिव महेन्द्र इटेनीले ऐतिहासिक कार्यक्रमको थालनी भएकोमा सबैमा धन्यवाद दिए ।

# पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.

## PALUNG MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD

पालुङ, मकवानपुर । Palung, Makawanpur

## तपसिलका ऋणीलाई कर्जा भुक्तानी गर्ने ३५ दिने सार्वजनिक सूचना

*प्रकाशित मिति: २०८०/११/१८*

यस सहकारी संस्थाबाट तपसिलका ऋणीहरुलाई तपसिलमाउल्लेख भएबमोजिमको कर्जा सम्झौताको शर्त तथा तालिकाअनुसार बुझाउनु पर्ने सावा ब्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटकम्याददिँदा समेत रकमभुक्तानीगर्न नआएकोले यो सूचनाप्रकाशितभएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बन्धि सम्झौताका शर्त, लिखत तथा प्रचलित नेपाल कानूनबमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचविखन गरी कर्जा रकम असूलउपर गरी लिइनेछ । सोबाट समेत असुलउपर हुनुपर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानूनअनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथा समेतबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोहीअनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : ईन्साफ के.सी.<br>बाबुको नाम : केशब खत्री<br>बाजेको नाम : कृष्ण बहादुर खत्री<br>ना.प्र.प.नं. ५५/३६२४८<br>जारी मिति: २०६३/०३/२२<br>ठेगाना: दामन ६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : केशब खत्री<br>बाबुको नाम: कृष्ण बहादुर खत्री<br>बाजेको नाम: मानबहादुर<br>ना.प्र.प.नं. ५३३/२०९५<br>जारी मिति:२०३४/१०/२६<br>ठेगाना: दामन ७, मकवानपुर<br>नाम: कमला के.सी.<br>बाबुको नाम: जितबहादुर कार्की<br>पतिको नाम: केशब खत्री<br>ना.प्र.प.नं: ७४०<br>जारि मिति:२०४६/०२/१६<br>ठेगाना: दामन ५, मकवानपुर |    | केशब खत्रीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्लाशिखरकोटगा.वि.स वार्ड नं ३/७ स्थित कि.नं. ४८९/३०६/३४७/३०८ को क्षेत्रफल १-१-३-१/३-१-१-२/१-१२-०-०/०-६-१-०को जग्गा ।<br><br>कमला के.सी.को नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला शिखरकोट गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ३९५ को क्षेत्रफल ०-६-१-०को जग्गा । |
| २ | **नाम** : मिनाकुमारी गोपाली<br>पतिको नाम : धर्मदास गोपाली<br>बाबुको नाम : रामबहादुर गोपाली<br>ना.प्र.प.नं. ३१३०३५/९८६<br>जारी मिति: २०६३/११/११<br>ठेगाना: बज्रबाराही ६, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम:** धर्मदास गोपाली<br>बाबुको नाम: लिलाबहादुर गोपाली<br>बाजेको नाम: रामदास<br>ना.प्र.प.नं. ४४/७०७<br>जारी मिति: २०५४/०५/२६<br>ठेगाना: बज्रबाराही ६, मकवानपुर |   | धर्मदास गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं ४ स्थित कि.नं.७९१/४५९/८३३/१४३०/२३३५/१४३३/९८१/७९२/९८२/१४२६/१४२९/२३३२/७९३ को क्षेत्रफल ०-११-०-०/०-६-३-०/०-१५-०-०/१-७-३-०/३-०-०-०/१-२-१-०/०-७-२-०/१-१-२-०/०-१२-०-०/१-३-१-०/०-११-३-०/०-७-०-२/१-४-२-० को जग्गा । |
| ३ | **नाम** : मदन बलामी<br>बाजेको नाम : बुद्धि बहादुर बलामी<br>बाबुको नाम : श्यामलाल बहादुर बलामी<br>ना.प्र.प.नं. १४१३<br>जारी मिति: २०४५/०१/२६<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : बिर बहादुर बलामी<br>बाबुको नाम : श्यामलाल बहादुर बलामी<br>बाजेकोको नाम : बुद्धि बहादुर बलामी<br>ना.प्र.प.नं. १४१०<br>जारी मिति: २०४५/०१/२६<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : रबिन बलामी<br>बाबुको नाम : मदन बलामी<br>बाजेकोको नाम : श्यामलाल बहादुर बलामी<br>ना.प्र.प.नं. ३१-१३-६९/००२५५<br>जारी मिति: २०६९/०८/२३<br>ठेगाना: बज्रबाराही-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : नबिन बलामी<br>बाबुको नाम : मदन बलामी<br>बाजेकोको नाम : श्यामलाल बहादुर बलामी<br>ना.प्र.प.नं.<br>जारी मिति:<br>ठेगाना:बज्रबाराही-७, मकवानपुर |    | मदन बलामीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ्ग/पालुङ गा.वि.स वार्ड नं ३/२ स्थित कि.नं. ६३०/९६१/६२२/९५३ को क्षेत्रफल ०-७-०-०/३-८-२-२/०-५-०-०/१-३-२-३ को जग्गा ।<br><br>बिर बहादुर बलामीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ्ग गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ६२० को क्षेत्रफल ०-४-३-० को जग्गा । |
| ४. | **नाम** : भरत बहादुर सापकोटा<br>बाबुको नाम : तलबहादुर सापकोटा<br>बाजेको नाम : कृष्ण बहादुर सापकोटा<br>ना.प्र.प.नं. ११२३<br>जारी मिति: २०४४।१२।०२<br>ठेगाना: आग्रा-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : ठुलोकान्छा सापकोटा<br>बाबुको नाम : तलबहादुर सापकोटा<br>बाजेको नाम : कृष्ण बहादुर सापकोटा<br>ना.प्र.प.नं. २८३<br>जारी मिति: २०४६/०२/२०<br>ठेगाना: आग्रा-७, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>**नाम** : रुपचन्द्र कार्की<br>बाबुको नाम : शिवरामकार्की<br>बाजेको नाम : हरि बहादुर कार्की<br>ना.प्र.प.नं. ३९/३२६<br>जारी मिति: २०५५/०९/०८<br>ठेगाना:आग्रा-१, मकवानपुर |   | भरत बहादुर सापकोटाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १०५०/१०५२ को क्षेत्रफल ७-८-२-०/२-६-१-०को जग्गा ।<br><br>ठुलोकान्छा सापकोटाको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला आग्रा गा.वि.स वार्ड नं ८ स्थित कि.नं. १०४७/१०३४/१०४१/१०३६/१०४४ को क्षेत्रफल २-५-०-०/२-१०-३-०/४-६-०-१/०-१२-०-१/२-८-०-१ को जग्गा । |
| ५. | **नाम** : सनक सिँ थोकर<br>बाबुको नाम : शेर बहादुर थोकर<br>बाजेको नाम : कमान सिँ थोकर<br>ना.प्र.प.नं. ५९३/१४७७<br>जारी मिति: २०४४/११/११<br>ठेगाना:गोगने ९, मकवानपुर<br>**व्यक्तिगत मञ्जुरी दिने:**<br>**नाम** : आत्मरामथोकर<br>बाबुको नाम : सनक सिँ थोकर<br>बाजेको नाम : शेर बहादुर थोकर<br>ना.प्र.प.नं. ३१.०१.८९.०१५९५<br>जारी मिति:<br>ठेगाना: गोगने ९, मकवानपुर |   | सनक सिँ थोकरको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स वाड नं. ९ को स्थित कि.नं. २८५/२८१/२८६/२८८को क्रमश: क्षेत्रफल २-११-०-२/१-८-१-३/६-३-३-३/३-४-०-३ जग्गा । |
| ६. | **नाम** : रामबहादुर घलान<br>बाबुको नाम : नर बहादुर घलान<br>बाजेको नाम : सिँहबहादुर घलान<br>ना.प्र.प.नं. ३०३६/९<br>जारी मिति: २०७०/०२/२१<br>ठेगाना: आग्रा-१, मकवानपुर |  | रामबहादुर घलानको नाउँमा मालपोत कार्यालय मकवानपुरमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला बसामाडी गा.वि.स वार्ड नं ३ स्थित कि.नं. ३१३० को क्षेत्रफल ०-०-८.५-० को जग्गा ।<br>यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता वहाल रहेको यस सँस्थाको नाममा रामबहादुर घलान ऋणी रहने गरि नामसारी भएको ना. ७ ख. ५८९६ को भाडा ट्रक । |
| ७. | **नाम:** बिरेन्द्र गोपाली<br>बाबुको नाम: विलबहादुर गोपाली<br>बाजेको नाम: शेर बहादुर गोपाली<br>ना.प्र.प.नं. २२/१७१३८<br>जारी मिति:२०६१/०७/१५<br>ठेगाना: बज्रबाराही २, मकवानपुर |  | बिरेन्द्र गोपालीको नाउँमा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला टिष्टुङ गा.वि.स वार्ड नं २ स्थित कि.नं. १३४७/१३४२/१५६ को क्षेत्रफल ०-६-२-०/०-१४-२-१/१-१-०-० को जग्गा । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | **नाम** : सुकु थापा मगर<br>पतकिो नाम : सुरज थापा मगर<br>बाबुको नाम: लोक बहादुर टण्डन<br>ना.प्र.प.नं. ३१३०२३/७९७ क<br>जारी मिति: २०६३/११/१०<br>ठेगाना: हेटौँडा-४, मकवानपुर |  | ९. | **नाम** : म. आली उल्लाह अन्सारी<br>बाजेको नाम : मोर्सलिम मिया<br>बाबुको नाम : नजिर अन्सारी<br>ना.प्र.प.नं. २७१०६०/११४६३४<br>जारी मिति: २०७०/०२/२६<br>ठेगाना:: काठमाडौँ-२२, |  |
| १०. | **नाम** : रिता थापा<br>पतकिो नाम : ध्रुव थापा<br>बाबुको नाम: चिनिया खत्री<br>ना.प्र.प.नं. ६१/४०१८५<br>जारी मिति: २०६३/०८/०८<br>ठेगाना: हेटौँडा १, मकवानपुर |  | ११. | नाम : सिता खत्री<br>पतिको नाम : कमल बहादुर खत्री<br>बाबुको नाम: गोपाल बहादुर पहरी<br>ना.प्र.प.नं. १७/१२७९५<br>जारी मिति: २०६०/१२/२२<br>ठेगाना: हेटौँडा ८, मकवानपुर |  |
| १२. | **नाम** : सरस्वती लामा<br>पतकिो नाम : सिंह लाल रुम्बा<br>बाबुको नाम: विर बहादुर थिङ<br>बाजेको नाम डम्बर बहादुर थिङ<br>ना.प्र.प.नं. ४०/१०३०<br>जारी मिति: २०५८/१२/२५<br>ठेगाना: हेटौँडा १, मकवानपुर |  | १३. | नाम : निर्माण लूइटेल<br>बाबुको नाम: शंकर प्रसाद लुइटेल<br>बाजेको नाम : टंकनाथ लुइटेल<br>ना.प्र.प.नं. १३१०४३/२३<br>जारी मिति: २०६४/०२/१०<br>ठेगाना: सुनकोशी-१ ओखलढूङगा हेटौँडा- ५, मकवानपुर |  |

# काँध फेर्न पनि सक्ने प्रचण्डको संकेत

काठमाडौं, १७ फागुन/ भरतपुर भ्रमण वर्ष उद्घाटन गर्न बिहीबार चितवन पुगेका माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्थपूर्ण अभिव्यक्ति दिएका छन् ।

सञ्चारकर्मीहरुसँगको संक्षिप्त कुराकानीमा प्रचण्डले राष्ट्रियसभा अध्यक्षको चुनावलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसँग वार्ता भइरहेको बताएका हुन् । 'यो विषयमा विभिन्न स्तरमा छलफल चलेको छ, तर अहिलेसम्म कुनै पनि ठोस निर्णय भइसकेको छैन' पत्रकारहरुलाई प्रचण्डको जवाफ थियो ।

माओवादीले स्थायी समिति बैठकबाट राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको भोलिपल्टै प्रचण्डले एमालेसँग वार्ता भइरहेको अभिव्यक्ति दिएका हुन् ।

जबकी राष्ट्रियसभा अध्यक्ष बन्ने गरी नेपाली कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला राष्ट्रियसभामा आइसकेका छन् । प्रधानमन्त्री प्रचण्डकै सहमतिमा सिटौला राष्ट्रियसभा अध्यक्ष बन्ने गरी चुनाव लडेका थिए । 'सिटौलालाई दिने भनेर त चुनाव हुनु दुई महिनाअघि नै अध्यक्षले भन्नुभएको हो, तर कांग्रेसले नै त्यस्तो बातावरण बनाएन', माओवादी केन्द्रका एक पदाधिकारी भन्छन् ।

विशेषगरी राष्ट्रियसभा निर्वाचनमा कोशी प्रदेशमा माओवादी उम्मेदवार हार्ने र कांग्रेसका उम्मेदवारले जित्ने भएपछि परिस्थिति असहज बन्दै गएको ती पदाधिकारीको तर्क छ । 'एउटै गठबन्धनबाट उम्मेदवार बन्दा हामीले हार्यौं, सिटौलाले जित्नुभयो', उनले भने, 'यसले गठबन्धनभित्र प्रश्न उठ्यो ।'

माओवादीको स्थायी समिति अघि बसेको विधान महाधिवेशन र केन्द्रीय समिति बैठकमा पनि नेताहरुले राष्ट्रियसभा चुनावबारे समीक्षाको माग गरेका थिए । नभन्दै, बुधबार माओवादी केन्द्रले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको छ ।

सत्ता गठबन्धनभित्रै समस्या आउनसक्ने यस्तो निर्णय गरि रहँदा पार्टीभित्रका नेताहरुको दबाव भनिएको थियो । तर प्रचण्ड आफैले सिटौलालाई दिएको वचनपछि धेरै घटनाक्रम विकसित भइसकेको मात्रै बताएनन्, कांग्रेससँग सार्वजनिक असन्तुष्टि नै पोखे ।

'.. भिन्न परिस्थिति थियो, त्यो परिस्थितिमा सिटौलाजीले शान्ति प्रक्रियामा खेलेको भूमिका, संविधान निर्माण प्रक्रियामा खेलेको सकारात्मक भूमिकाको पृष्ठभूमिमा यदि सिटौलाजी आउने हो भने सकारात्मक ढंगले सोच्न सकिन्छ भनेकै हो', प्रचण्डले भनेका छन् ।

तर राष्ट्रियसभा चुनावको नतिजा, पार्टीभित्र नेताहरुको अभिमत र कांग्रेस महासमिति बैठकको निर्णयकै कारण अहिले अलग परि स्थिति सिर्जना भएको प्रचण्डले बताएका छन् ।

माओवादीका अरु नेताजस्तै प्रधानमन्त्री प्रचण्डले पनि कोशीमा कांग्रेसबाट धोका दिएको निष्कर्ष नै सुनाए । 'कोशीमा माओवादीको उम्मेदवार पराजित हुने स्थिति कांग्रेसकै कारण भयो । र कोशी प्रदेशका हाम्रा पार्टीका सबै नेता कार्यकर्ता, समर्थकहरु पनि असाध्यै बढी आक्रोसित स्थितिमा हुनुहुन्छ', उनले भने ।

एमालेसँग सम्वाद गर्ने स्थितिमा पुग्नुको कारण प्रष्ट्याइर हँदा प्रचण्डले माओवादीकै भोट पाएर कांग्रेस एक नम्बर पार्टी बनेको समेत तर्क गरे । 'गठबन्धन राम्रै गइरहेको थियो, राम्रै लाने कुरामा हामी प्रतिवद्ध थियौं, छौ पनि अझै पनि । तर पनि गठबन्धन गरिँदैन भनेर जुन पार्टीको भोटबाट जसको समर्थनबाट कांग्रेस एक नम्बर पार्टी भएको छ, त्यही पार्टीसँग गर्दैनौ हामी । रुखमा बाहेक भनेर अहिले बोल्नुपर्ने जरुरी के थियो ?', प्रचण्डले आक्रोश पोखे ।

प्रधानमन्त्री प्रचण्ड यतिमै रोकिएनन् । धर्म निरपेक्षता र माओवादीको सशस्त्र विद्रोहबारे कांग्रेसभित्र भएको छलफलमा समेत असन्तुष्टि जनाए ।

'जनयुद्धकै बारेमा पनि बेमौसमको बाजा, अहिले बोल्नै नपर्या बेला किन बोलेका भन्ने प्रश्न त उठेको छ', प्रचण्डले भने । तर कांग्रेसले गरेको छलफल र तयार पारेको प्रतिवेदनमाथि संशोधनको कुनै आवाज नउठाएको र नउठाउने पनि उनले बताए ।

यद्यपि यतिकै कारणले गठबन्धनमा समस्या नआउने प्रचण्डको दाबी छ । '..त्यसले तात्विक रुपले ठूलै अन्तर परिहाल्छ भन्ने ठाउँमा चाहिँ हामी पुगेको स्थति होइन', उनको प्रष्टोक्ति छ ।

तर विकसित घटनाक्रम, निर्णय र प्रधानमन्त्रीको अभिव्यक्ति शैली हेर्दा भने राष्ट्रियसभा अध्यक्षको उम्मेदवारकै विषयले वर्तमान गठबन्धन पूर्वसहमति बमोजिम अगाडि बढ्नेमा भने पर्याप्त शंका गर्न सकिने अवस्था देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना